# मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०७५

(मेलम्ची नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक)

**प्रस्तावना :**

मेलम्ची नगरपालिकाको आर्थिक वर्ष २०७५/७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्थागर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम मेलम्ची नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "**आर्थिक ऐन, २०७५**" रहको छ ।

(२) यो ऐन नगरसभाबाट स्वीकृत भएको मितिदेखी मेलम्ची नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति कर :** नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घरजग्गा वहाल कर :** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घरजग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय कर :** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूंजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर :** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **विज्ञापन कर :** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

Scanned by CamScanner

**८. मनोरञ्जन कर** : नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**९. बहाल बिटौरी शुल्क** : नगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका तथा नगरपालिकाले सम्झौता गरिएका अनुसूचि (८) मा उल्लेख भएअनुसार हाटवजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१०. पार्किङ शुल्क** : नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत तथा नगरपालिकाबाट बसपार्क सञ्चालन अनुमति लिँदा अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११. ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र न्याफटिङ शुल्क** : नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र न्याफटिङ सेवा वा व्यवसाय सञ्चालन गरेवापत अनुसूचि (१०) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२. सेवा शुल्क, दस्तुर** : नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूचि (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भएअनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. पर्यटन शुल्क** : नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूबाट अनुसूची (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१४. वातावरण संरक्षण कर** : नगरपालिकाको क्षेत्रभित्र रहेका प्राकृतिक स्रोतसाधनको उपयोगसँग सम्बन्धित व्यवसायहरूका लागि अनुसूचि (१३) मा उल्लेखित दरमा वातावरण संरक्षण कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१५. कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिमा व्यवस्था भए बमोजिम कर छुट दिइनेछ ।

**१६. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

Scanned by CamScanner

अनुसूची–१
दफा (२) संग सम्बन्धित
सम्पत्ति करको दर

| सि.नं. | विवरण | इकाई | वार्षिक दर (रु) |
|---|---|---|---|
| घर/संरचना | | | |
| १ | मेलम्ची नगरपालिका अन्तर्गत मेलम्ची बजार र बाहुनेपाटी बजारका आर.सि.सि. घरहरु | प्रति वर्ग फिट | १.२५ |
| २ | मेलम्ची नगरपालिका अन्तर्गत मेलम्ची टार, सिन्धुखोला बजार, ढकालखहरे बजार, सिपाघाट बजार, तालामाराङ बजार, भोटेचौर बजार, पिप्ले बजार र सेल्ले पोखरे बजारका आर.सि.सि. घरहरु | प्रति वर्ग फिट | १.०० |
| ३ | सि.नं. १ र २ मा उल्लेख गरिएका बजार क्षेत्र भन्दा बाहेकका आर.सि.सि. घरहरु | प्रति वर्ग फिट | ०.७५ |
| ४ | मेलम्ची नगरपालिका अन्तर्गत मेलम्ची बजार र बाहुनेपाटी बजारका लोड वियरिङ्ग घरहरु | प्रति वर्ग फिट | ०.५० |
| ५ | मेलम्ची नगरपालिका अन्तर्गत मेलम्ची टार, सिन्धुखोला बजार, ढकालखहरे बजार, सिपाघाट बजार, तालामाराङ बजार, भोटेचौर बजार, पिप्ले बजार र सेल्ले पोखरे बजारका लोड वियरिङ्ग घरहरु | प्रति वर्ग फिट | ०.४० |
| ६ | सि.नं. ४ र ५ मा उल्लेख गरिएका क्षेत्र भन्दा बाहेकका लोड वियरिङ्ग घरहरु | प्रति वर्ग फिट | ०.२५ |
| ७ | ढुंगा माटोले बनेको जस्ताको छाना भएको घर | प्रति घर | १०० |

अनुसूची–२
दफा (३) संग सम्बन्धित
मालपोत/भुमी कर

| प्र.नं | विवरण | इकाई | ०७५।०७६ को वार्षिक करको दर (रु) |
|---|---|---|---|
| 1 | कालोपत्रे सडकमा जोडिएका जग्गा | | |
| | दुई रोपनीसम्म | | १०० |
| | दुई रोपनी देखि पाँच रोपनीसम्म | थप प्रति रोपनी | ११० |
| | पाँच रोपनी देखि दश रोपनीसम्म | थप प्रति रोपनी | १२० |
| | दश रोपनी भन्दा माथि | थप प्रति रोपनी | १३० |
| | मोटरबाटो (ग्राभेल, माटे सडक) संग जोडिएका जग्गा | | |
| | दुई रोपनीसम्म | | ४० |
| | दुई रोपनी देखि पाँच रोपनीसम्म | थप प्रति रोपनी | ५० |
| | पाँच रोपनी देखि दश रोपनीसम्म | थप प्रति रोपनी | ६० |
| | दश रोपनी भन्दा माथि | थप प्रति रोपनी | ७० |
| | धान खेत | | |
| | अब्बल | | |
| | दुई रोपनीसम्म | | ३० |
| | दुई रोपनी देखि पाँच रोपनीसम्म | थप प्रति रोपनी | ४० |
| | पाँच रोपनी देखि दश रोपनीसम्म | थप प्रति रोपनी | ५० |
| | दश रोपनी भन्दा माथि | थप प्रति रोपनी | ६० |
| | दोयम | | |
| | दुई रोपनीसम्म | | २० |
| | दुई रोपनी देखि पाँच रोपनी सम्म | थप प्रति रोपनी | २५ |
| | पाँच रोपनी देखि दश रोपनीसम्म | थप प्रति रोपनी | ३० |
| | दश रोपनी भन्दा माथि | थप प्रति रोपनी | ३५ |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| ग | सिम | | |
| | दुई रोपनीसम्म | | १५ |
| | दुई रोपनी देखि पाँच रोपनीसम्म | थप प्रति रोपनी | २० |
| | पाँच रोपनी देखि दश रोपनीसम्म | थप प्रति रोपनी | २५ |
| | दश रोपनी भन्दा माथि | थप प्रति रोपनी | ३० |
| घ | चाहार | | |
| | दुई रोपनीसम्म | | १० |
| | दुई रोपनी देखि पाँच रोपनी सम्म | थप प्रति रोपनी | १५ |
| | पाँच रोपनी देखि दश रोपनीसम्म | थप प्रति रोपनी | २० |
| | दश रोपनी भन्दा माथि | थप प्रति रोपनी | २५ |
| ४ | पाखो बारी | | |
| | दुई रोपनीसम्म | | ५ |
| | दुई रोपनी देखि दश रोपनीसम्म | थप प्रति रोपनी | १० |
| | दश रोपनी देखि माथि | थप प्रति रोपनी | १५ |
| विलम्ब शुल्क एक बर्षसम्म १५ प्रतिशत, तीन बर्ष सम्म २५ प्रतिशत र सो भन्दा माथि ३५ प्रतिशत थप लाग्नेछ। | | | |

## अनुसूची–३
## दफा (४) संग सम्बन्धित
## घरजग्गा बहाल कर

| सि.नं | विवरण | इकाई | करको दर (रु) |
|---|---|---|---|
| १ | घरजग्गा वहाल कर | | १० प्रतिशत |

## अनुसूची–४
## दफा (५) संग सम्बन्धित
## व्यवसाय कर

| सि.नं | विवरण | इकाई | करको दर (रु) |
|---|---|---|---|
| १ | व्यापारिक वस्तु | | |
| १.१ | सुन, चाँदी बिक्रेता | | ५००० |
| १.२ | भिडियो क्यासेट रेकर्डर तथा प्लेयर उत्पादक /वितरक | | २००० |
| १.३ | चुरोट, रक्सी | | |
| | क) थोक बिक्रेता | | ५००० |
| | ख) खुद्रा बिक्रेता | | ३००० |
| १.४ | हलुका पेय पदार्थको थोक बिक्रेता | | २००० |
| २ | निर्माण सामाग्री | | |
| | क) सिमेन्ट, छड, धातुका निर्माण सामानको थोक बिक्रेता | | १०००० |
| | ख) सिमेन्ट, छड, धातुका निर्माण सामानको खुद्रा बिक्रेता | | ३००० |
| | ग) अन्य निर्माण समाग्रीहरु | | २५०० |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| ३ | कम्प्यूटर र सो संग सम्बन्धित सामान विक्री तथा मर्मत सेवा | | १५०० |
| ४ | विद्युत/सोलार विक्रेता | | |
| | क) बिजुलीको सामान थोक विक्रेता | | ५००० |
| | ख) बिजुलीका सामान खुद्रा विक्रेता | | १५०० |
| | ग) सौर्यऊर्जाबाट चल्ने विद्युतीय सामाग्री विक्रेता | | १५०० |
| ५ | रेडियो, घडी, मोवाईल तथा अन्य विधुतीय सामान विक्री तथा मर्मत सेवा | | १५०० |
| ६ | फर्निचरका सामान तथा कार्पेट विक्रेता | | ३००० |
| ७ | पेट्रोलियम पदार्थ | | |
| | क) आयल निगमको डिलर भई पेट्रोलियम पदार्थ बिक्रेता | | १०००० |
| | ख) ग्यास तथा मट्टितेल विक्रेता | | १५०० |
| | क) टिभि फ्रिज जस्ता अन्य विद्युतीय सामान विक्रेता | | २५०० |
| ८ | खाद्यान्न किराना पसल | | |
| | क) थोक बिक्रेता | | ३००० |
| | ख) खुद्रा विक्रेता | | १००० |
| ९ | फलफुल तथा तरकारी विक्रेता | | १००० |
| १० | स्वदेश तथा विदेशी कपडा, तयारी पोसाक र जुत्ता विक्रेता | | १००० |
| ११ | अन्य सेवा | | |
| | क) ब्यूटी पार्लर, केश श्रृङ्गार तथा सैलुन, ड्राई क्लिनर्स, फोटो स्टुडियो, सिलाई आदि सेवा | | १५०० |
| | ख) एउटा मात्र मेसिन राखी सिलाई गर्ने | | ५०० |
| | ग) पेन्टिङ्ग सेवा | | १५०० |
| | घ) पशु वधसाला | | ३००० |
| | ङ) मासु विक्रेता | | १००० |
| १२ | पुल हाउस/व्यायमशाला | | २००० |
| १३ | सिसा प्लाईउड विक्रेता | | २००० |
| १४ | भाँडाकुडा विक्रेता | | ३००० |
| १५ | स्टिल तथा अन्य रेडिमेड फर्निचर विक्रेता | | ३००० |
| १६ | खेलौना तथा उपहार (गिफ्ट) कस्मेटिक विक्रेता | | १००० |
| १७ | केवुल/ नेटवर्किङ्ग सेवा | | ३००० |
| १८ | डेरी उद्योग | | |
| | क) चिस्यान केन्द्र | | ५००० |
| | ख) दुग्ध डेरी | | २००० |
| १९ | बेकरी तथा कफी सप | | १००० |
| २० | विशेष परामर्श तथा अन्य व्यवसायिक सेवा | | २००० |
| २१ | सामान ढुवानीकर्ता कम्पनी | | ५००० |
| २२ | निर्माण व्यवसाय दर्ता तथा नविकरण दस्तुर | | |
| | क) क श्रेणीको सूचिकृत दस्तुर | | ६००० |
| | ख) ख श्रेणीको सूचिकृत दस्तुर | | ५००० |
| | ग) ग श्रेणीको सूचिकृत दस्तुर | | ४००० |
| | घ) घ श्रेणीको दर्ता दस्तुर | | १०००० |
| | ङ) घ श्रेणीको नविकरण दस्तुर (आश्विन मसान्तसम्म नविकरण गरेमा रु. ५०००।- र सो अवधिमा नविकरण नगरी चैत्र मसान्त भित्र नविकरण गरेमा दोब्बर दस्तुर लाग्ने) | | ५००० |
| | च) घ श्रेणीको इजाजतपत्र नामसारी, प्रतिलिपी र कम्पनी/प्रा.लि.मा परिवर्तन दस्तुर | | २००० |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| २३ | उत्पादनमूलक उद्योग | | ३००० |
| | क) ब्लक, इट्टा तथा प्लास्टीक उद्योग | | १००० |
| | ख) अन्य साना घरेलु उद्योग | | ४००० |
| | ग) कलर ल्याब | | |
| २४ | फर्निचर उद्योग | | ४००० |
| | क) टूली समेत राखेको स-मिल उद्योग | | ३००० |
| | ख) स-मिल तथा फर्निचर बनाउने उद्योग | | २००० |
| | ग) सामान्य फर्निचर उद्योग | | |
| २५ | उर्जामूलक उद्योग (हाईड्रोपावर) | | १५००० |
| | क) १ करोडसम्मको | | २०००० |
| | ख) १ करोडभन्दा बढीको | | |
| २६ | कृषि, पशुपंक्षी तथा वनजन्य उद्योग | | १०००० |
| | क) पचास लाख भन्दा माथि पूँजी भएको | | ५००० |
| | ख) पन्ध्र देखि पचास लाखसम्मको | | ३००० |
| | ग) पाँच देखि पन्ध्र लाखसम्मको | | २००० |
| | घ) पाँच लाखसम्मको | | ४००० |
| २७ | खनिज उद्योग | | |
| २८ | पर्यटन उद्योग | | |
| | होटल, लज तथा रेष्टुरा | | ५००० |
| | क) वर्ग | | ४००० |
| | ख) वर्ग | | ३००० |
| | ग) वर्ग | | |
| २९ | सेवा उद्योग | | ५००० |
| | क) सिनेमा हल | | ४००० |
| | ख) अफसेट प्रेस | | ३००० |
| | ग) लेजर प्रेस | | ३००० |
| | घ) कोल्ड स्टोर तथा फास्ट फुड विक्रेता | | ३००० |
| | ङ) अडियो क्यासेट विक्रेता | | ३००० |
| | च) हवाई सेवा बुकिङ काउन्टर | | ३००० |
| | छ) सार्वजनिक परिवहन बुकिङ काउन्टर | | ३००० |
| ३० | क्रसर जन्य उद्योग ( वातावरणीय शुल्क) | | १००००० |
| ३१ | संचार सेवा (रेडियो एफ.एम.) | | |
| | क) फोन, फ्याक्स, इमेल, इन्टरनेट तथा फोटोकपी सेवा | | १५०० |
| | ख) कुरियर सेवा | | १५०० |
| | ग) अखबार छपाई तथा प्रकाशन | | १५०० |
| | घ) रेडियो एफ.एम. | | १५०० |
| | ङ) केबुल टेलिभिजन | | १५०० |
| ३२ | पत्रपत्रिका, स्टेशनरी तथा पुस्तक विक्रेता | | १००० |
| ३३ | वित्तीय सेवा | | |
| ३३.१ | निजी क्षेत्रको आर्थिक कारेवार गर्ने क बर्गका बैंकको शाखा | | १५००० |
| ३३.२ | निजी क्षेत्रको आर्थिक कारेवार गर्ने ख बर्गका बैंकको शाखा | | १२००० |
| ३३.३ | निजी क्षेत्रको आर्थिक कारेवार गर्ने ग बर्गका बैंकको शाखा | | १०००० |
| ३३.४ | निजी क्षेत्रको आर्थिक कारेवार गर्ने घ बर्गका बैंकको शाखा | | ५००० |
| ३३.५ | विमा कम्पनी शाखा | | ७००० |
| ३३.६ | सहकारी बैंक तथा अन्य वित्तिय संस्था | | २००० |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| ३४ | **सहकारी संस्था** | | |
| | क) दस लाखभन्दा बढी पुंजी भएको बचत तथा ऋण सहकारी संस्था दर्ता | | २००० |
| | ख) दस लाखसम्म पुंजी भएको बचत तथा ऋण सहकारी संस्था दर्ता | | १००० |
| | ग) अन्य सहकारी संस्था दर्ता | | ५०० |
| | घ) ऋण/योजना माग सिफारिस | | १००० |
| ३५ | **स्वास्थ्य सेवा** | | |
| | क) गैर सरकारी अस्पताल | | १०००० |
| | ख) नर्सिङ होम/पोलिक्लिनिक | | ५००० |
| | ग) मेडिकल फर्मा | | ३००० |
| ३६ | **विद्यालय कक्षा स्तरोन्नती (निजी क्षेत्रबाट संचालित)** | | |
| | क) आधारभुत | | २००० |
| | ख) मावि | | ४००० |
| | ग) क्याम्पस | | ५००० |
| ३७ | **तालिम केन्द्र** | | |
| | क) टाईपिङ तथा कम्प्यूटर इन्स्टिच्यूट र भाषा प्रशिक्षण | | २००० |
| | ख) सिलाईबुनाई तथा अन्य साना प्रशिक्षण केन्द्र | | १५०० |
| ३८ | **मर्मत सम्भार/वर्कशप** | | |
| | क) हेवी ईक्युपमेन्टस्, बस, ट्रक, जिप, कार, ट्याक्टर | | ३००० |
| | ख) मोटरसाईकल, टेम्पो | | १५०० |
| | ग) टि.भि., फ्रिज, मोटर, पंखा, हिटर | | १५०० |
| | घ) रेडियो, घडी, प्रेशरकुकर, टेलिफोन, स्टोप, ग्यास चुल्हो आदि | | १५०० |
| | ङ) साईकल मर्मत तथा बिक्री | | १००० |
| ३९ | पार्क तथा पिकनिक स्पट | | ३००० |
| ४० | **विविध व्यवसाय** | | |
| ४०.१ | कपडा, जुत्ता तथा फेन्सी पसल | | २००० |
| ४०.२ | मेशिनरी पार्टपुर्जा पसल | | २५०० |
| ४०.३ | पान पसल | | १००० |
| ४०.४ | खाना तथा नास्ता पसल | | २५०० |
| ४०.५ | मिठाई तथा चिया पसल | | १५०० |
| ४०.६ | पोल्ट्री, पशु फर्म/दाना डिपो/एग्रोभेट | | ४००० |
| ४०.७ | कन्सल्टेन्सी दर्ता शुल्क | | ५००० |
| ४०.८ | कन्सल्टेन्सी नविकरण शुल्क | | २००० |
| ४०.९ | बोका तथा बंगुर स्थायी बन्ध्याकरण शुल्क | प्रति गोटा | ५० |
| ४०.१० | गोरुको स्थायी बन्ध्याकरण शुल्क | प्रति गोटा | २०० |
| ४१ | **सप्लायर्स** | | |
| | क) एक लाख भन्दा बढीको सामान सप्लायर्स | | ४००० |
| | ख) एक लाखसम्मको सामान सप्लायर्स | | ३००० |
| | ग) पचास हजारसम्मको सामान सप्लायर्स | | १००० |
| ४२ | टेन्ट हाउस | | २५०० |
| ४३ | रासायनिक मल, विषादी पसल तथा बिउ विजन विक्रेता | | ३००० |
| ४४ | सुर्ती पसल थोक तथा खुद्रा विक्रेता | | २५०० |
| ४५ | डिलरशीप (माथि भए बाहेक) | | ५००० |
| ४६ | मिल ( कुटानी पिसानी ) | | १५०० |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| ४७ | संस्था दर्ता | | १००० |
| ४७.१ | कार्यक्रम संचालन स्वीकृति | | ३००० |
| ४७.२ | नाफामुलक | | १५०० |
| ४७.३ | गैरनाफा मुलक | | |
| ४७.४ | गैर नाफामुलक संस्था नविकरणका लागि सिफारिस दस्तुर | | १५०० |
| | रु १ लाख देखि ५ लाखसम्म कारोबार भएको संस्था | | २००० |
| | रु ५ लाख देखि १० लाखसम्म कारोबार भएको संस्था | | २५०० |
| | रु १० लाख देखि २५ लाखसम्म कारोबार भएको संस्था | | ३००० |
| | रु २५ लाख देखि १ करोडसम्म कारोबार भएको संस्था | | ५००० |
| | रु १ करोड देखि माथि कारोबार भएको संस्था | | ५००० |
| ४८ | अन्तराष्ट्रिय गैर सरकारी संस्था | | २००० |
| ४९ | कवाडी व्यवसाय | | |

माथि उल्लेख भएका व्यवसायहरु महिला तथा अपाङ्गता भएका व्यक्तिको नाममा दर्ता गर्दा लाग्ने दस्तुरमा ५० प्रतिशत छुट दिइनेछ। साथै माथि उल्लेख भएका सबै व्यवसायहरु प्रत्येक आ.व. को आश्विन मसान्त भित्र नवीकरण नगरेमा २५ प्रतिशत थप जरीवाना लाग्नेछ। व्यवसाय नवीकरणको लागि दर्ता रकमको ५० प्रतिशत लाग्नेछ

## अनुसूची–५
### दफा (६) संग सम्बन्धित
### जडीबुटी र जीवजन्तु कर

| सि.नं | विवरण | इकाई | करको दर (रु) |
|---|---|---|---|
| १ | ऊन, खोटो निकासी शुल्क | प्रति के.जी. | ६ |
| २ | बज्रजन्ती, काफलको बोक्रा, चुत्रोको बोक्रा निकासी शुल्क | प्रति के.जी. | २ |
| ३ | लोठ सल्लाको पात, सतुवा, लप्सी निकासी शुल्क | प्रति के.जी. | ५ |
| ४ | धसिंगरे निकासी शुल्क | प्रति के.जी. | ३ |
| ५ | धुपीको काठ निकासी शुल्क | प्रति के.जी. | २० |
| ६ | पैयुको बोक्रो, सल्लाको सिङ्टा, एसेलुको डाँठ, तितेपाती, मजिठो, धुपीको पात, अमला, काउलो, हर्रो, बर्रो निकासी शुल्क | प्रति के.जी. | १ |
| ७ | साल प्रति क्यू.फिट | प्रति क्यू.फिट | २०० |
| ८ | सल्लो, उत्तिस, चिलाउने, कटुस, मौवा, अस्ना (साज), शिरिस, सिमल, अन्य | प्रति क्यू.फिट | ५ |
| ९ | दाउरा | प्रति ट्रिप | ५०० |
| १० | काठ कटानी, मुछ्यानी र पाइलिङ्ग (समूह भन्दा बाहिर विक्री/निकासी) गरेमा | प्रति क्यू.फिट | २० |
| ११ | प्रचलित कानूनले निषेध गरेका जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला आदि निकासी शुल्क | प्रति के.जी. | ५ |

## अनुसूची–६
### दफा (७) संग सम्बन्धित
### विज्ञापन कर

| सि.नं | विवरण | इकाई | करको दर (रु) |
|---|---|---|---|
| १ | होडिङ वोर्ड /साइन बोर्ड | प्रति वर्ग फिट | ७५ |
| २ | व्यापारिक स्टल | प्रति गोटा | १५० |
| ३ | धातुको फ्रेम वा विद्युतीय तरङ्ग प्रयोग गरिएको प्रचार सामाग्री | प्रति वर्ग फिट | २०० |
| ४ | रेडियो विज्ञापन कर | | १ प्रतिशत |
| ५ | पत्रपत्रिका विज्ञापन कर | | २ प्रतिशत |

## अनुसूची–७
### दफा ( ८) संग सम्बन्धित
### मनोरञ्जन कर

| सि.नं | विवरण | इकाई | करको दर (रु) |
|---|---|---|---|
| १ | भिडियो घर, फनपार्क, बाल उद्यान्न | प्रति टिकट | ५ प्रतिशत |

Scanned by CamScanner

अनुसूची–८

दफा (९) संग सम्बन्धित

बहाल बिटौरी शुल्क

| सि.नं. | विवरण | इकाई | करको दर (रु) |
|---|---|---|---|
| १ | **तालामाराङ-मेलम्ची, काफ्लेखोला-मेलम्ची र मेलम्ची -सिपाघाटसम्मको हेलम्बु सहायक राजमार्ग आसपासका सार्वजनिक संरचना/जग्गाहरु** | | |
| १.१ | नदीजन्य पदार्थ उत्पादन/संकलन सम्बन्धी उद्योग | प्रति रोपनी | १०००० |
| १.२ | कृषि तथा कृषिजन्य व्यवसाय | प्रति रोपनी | २५०० |
| १.३ | स्थायी संरचना बनेकाको हकमा | प्रति वर्ग फिट | २५ |
| १.४ | अस्थायी संरचना बनेकाको हकमा | प्रति वर्ग फिट | २० |
| १.५ | हाट बजार | प्रति दिन प्रति स्टल | ५० |
| २ | **माथि सि.नं. १ म उल्लेख भएका क्षेत्र बाहेकका नगरपालिका भित्रका सार्वजनिक संरचना/जग्गाहरु** | | |
| १.१ | नदीजन्य पदार्थ उत्पादन/संकलन सम्बन्धी उद्योग | प्रति रोपनी | १०००० |
| १.२ | कृषि तथा कृषिजन्य व्यवसाय | प्रति रोपनी | १००० |
| १.३ | स्थायी संरचना बनेकाको हकमा | प्रति वर्ग फिट | १५ |
| १.४ | अस्थायी संरचना बनेकाको हकमा | प्रति वर्ग फिट | १० |
| १.५ | हाट बजार | प्रति दिन प्रति स्टल | ३० |
| ३ | भवन | | |
| | क) पक्की | प्रति वर्ग फिट | ७० |
| | ख) कच्ची | प्रति वर्ग फिट | ५० |

अनुसूची–९

दफा (१०) संग सम्बन्धित

सवारी साधन पार्किङ्ग तथा प्रवेश शुल्क

| सि.नं. | विवरण | इकाई | करको दर (रु) |
|---|---|---|---|
| | **सवारी प्रवेश शुल्क** | | |
| १ | ठुला बस/भ्यान/ट्रक | | ५० |
| २ | मिनी बस/ मिनी ट्रक | | ३० |
| ३ | हलुका सवारी साधन | | २० |
| | **पार्किङ्ग शुल्क** | | |
| १ | स्कुटर/मोटरसाइकल | प्रति घण्टा | ५ |
| २ | हलुका सवारी साधन | प्रति घण्टा | १५ |
| ३ | ट्रयाक्टर | प्रति घण्टा | १५ |
| ४ | हेभी सवारी साधन-बस, ट्रक | प्रति घण्टा | २० |

Scanned by CamScanner

अनुसूची–१०
दफा ( ११) संग सम्बन्धित
ट्रेकिङ्ग कायोकिङ, प्याराग्लाइडिङ्ग तथा न्याफ्टीङ्ग शुल्क

| सि.नं | विवरण | इकाई | करको दर (रु) |
|---|---|---|---|
| १ | न्याफ्टीङ्ग सेवा शुल्क | प्रति व्यक्ति | ५०/- |
| २ | ट्रेकिङ | प्रतिव्यक्ति प्रति दिन | ५० |

अनुसूची–११
दफा (१२) संग सम्बन्धित
सेवा शुल्क तथा दस्तुर

| सि.नं | विवरण | इकाई | करको दर (रु) |
|---|---|---|---|
| १ | नक्शा पास, निर्माण स्वीकृति शुल्क | | |
| १.१ | आवासीय | | |
| | क वर्गको | प्रति वर्ग फिट | २० |
| | ख वर्गको | प्रति वर्ग फिट | १२ |
| | ग वर्गको (आरसिसि र लोड बेरिङ) | प्रति वर्ग फिट | ८ |
| | घ वर्गको | प्रति वर्ग फिट | ५ |
| १.२ | आवसीय तथा व्यापारिक | | |
| | क वर्गको | प्रति वर्ग फिट | २० |
| | ख वर्गको | प्रति वर्ग फिट | १५ |
| | ग वर्गको | प्रति वर्ग फिट | १० |
| | घ वर्गको | प्रति वर्ग फिट | ५ |
| १.३ | नक्सा फेरबदल दस्तुर | | १००० |
| १.४ | मोहोडा परिवर्तन दस्तुर | | १००० |
| १.५ | तल्ला थप निवेदन शुल्क | | २००० |
| १.६ | व्यापारिक भवन | प्रति वर्ग फिट | ३० |
| १.७ | व्यवसायिक भवन | प्रति वर्ग फिट | ३० |
| १.८ | शैक्षिक भवन | प्रति वर्ग फिट | ८ |
| १.९ | संस्थागत भवन | प्रति वर्ग फिट | १० |
| १.१० | औद्योगिक भवन | प्रति वर्ग फिट | ४० |
| २ | निर्माण सम्पन्न वा नामासारी शुल्क (आर सि सि) | | १००० |
| ३ | निर्माण सम्पन्न वा नामासारी शुल्क (लोड बेरिङ्ग ) | | ५०० |
| ४ | अभिलेखिकरण दस्तुर | | |
| | ४.१. आवासीय घर | | |
| | ६०० वर्ग फिट सम्मको लागि | प्रति वर्ग फिट | ४ |
| | ६०० वर्ग फिट देखि माथि १००० वर्ग फिट सम्मको लागि | प्रति वर्ग फिट | ५ |
| | १००० वर्ग फिट देखि माथि सबै | प्रति वर्ग फिट | ६ |
| | लोड बियरिङ्ग घरहरुको हकमा | प्रति वर्ग फिट | २ |
| | ४.२. आवासीय तथा व्यापारिक घर | | |
| | ६०० वर्ग फिट सम्मको लागि | प्रति वर्ग फिट | ५ |
| | ६०० वर्ग फिट देखि माथि १००० वर्ग फिट सम्मको लागि | प्रति वर्ग फिट | ६ |
| | १००० वर्ग फिट देखि माथि सबै | प्रति वर्ग फिट | ७ |
| | लोड बियरिङ्ग घरहरुको हकमा | प्रति वर्ग फिट | ३ |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| | (माथि सि.नं. ४.१ र ४.२ मा उल्लेख भएका भवनको प्लिन्थको क्षेत्रफलको आधारमा वर्गिकरण गरिएको तथा साविक स्थानीय निकायमा दर्ता भएका भवनहरुको हकमा उपरोक्त दररेटमा २५% छुट दिइनेछ। | | |
| ५ | नक्शापास प्रमाण पत्र र निर्माण सम्पन्नताको प्रतिलिपी शुल्क | | ५००/- |
| ६ | प्लिन्थ लेवल भन्दा माथि Super Structure को नक्शा पास गरी तोकिएको समयमा निर्माण सम्पन्न नगरेमा विलम्ब शुल्क | | २००० वा २५ प्रतिशत मध्ये जुन बढी हुन्छ। |
| ७ | म्याद थप गरेपछि २ वर्ष भित्र निर्माण कार्य सम्पन्न नगरिएमा थप विलम्ब शुल्क | थप २५ प्रतिशत | थप २५ प्रतिशत |
| ८ | डिजाइन शुल्क | ५०० | ५०० |
| ९ | काठ कटान | | |
| | क) घरायसी प्रयोजनका लागि | प्रति क्यू.फिट | १ |
| | ख) व्यापारिक प्रयोजनका लागि | प्रति क्यू.फिट | २ |
| १० | घर जग्गा मूल्यांकन (विद्यार्थीलाई ४५ प्रतिशत छुट) | | ०.१ प्रतिशत |
| ११ | व्यवसाय दर्ता प्रतिलिपी | | २०० |
| १२ | चार किल्ला प्रमाणित | प्रति कित्ता | ३०० |
| १३ | चार किल्ला प्रमाणित प्रतिलिपी | प्रति कित्ता | १०० |
| १४ | अमिनद्वारा स्थलगत नांपजाँच | | १०००/- |
| १५ | घरबाटो भए नभएको प्रमाणित गरेको | | ५०० |
| १६ | घर जग्गा कर रसिदको प्रतिलिपि | | ५०/- |
| १७ | प्राविधिक फिल्ड गई डिपिसी चेक जाँच | | १०००/- |
| १८ | नक्शापासे आवेदन पुस्तिका | | ५००/- |
| १९ | नाता प्रमाणित | | १०० |
| २० | व्यक्तिगत घटनादर्ता विलम्ब दस्तुर | | १००/- |
| २१ | दर्ता शुल्क | | |
| २१.१ | घर दर्ता शुल्क | | |
| | क) RRC/RBC ढलान घर | | ५० |
| | ख) RRC/RBC विनाको पक्की घर | | ३० |
| | ग) कच्ची घर | | २० |
| २२ | आय श्रोत प्रमाणित (विद्यार्थीका लागि २५ प्रतिशत छुट) | | ०.५ प्रतिशत |
| २३ | सिफारिस दस्तुर | | |
| २३.१ | छुट जग्गा दर्ता सिफारिस | | ५०० |
| २३.२ | जग्गा नामसारी सिफारिस | | २०० |
| २३.३ | मोही नामसारी सिफारिस | | २०० |
| २३.४ | डिलर लिने सिफारिस | | २००० |
| २३.५ | नागरिकता सिफारिस | | १०० |
| २३.६ | बाहिरी जिल्ला कर्मचारी परिवार नागरिकता/प्रतिलिपी लिनका लागि सिफारिस | | १०० |
| २३.७ | नागरिकताको प्रतिलिपी सिफारिस | | १५० |
| २३.८ | अंगिकृत नागरिकता सिफारिस | | ५०० |
| २३.९ | धारा जडान सिफारिस | | २०० |
| २३.१० | बिजुली जडान सिफारिस | | २०० |
| २३.११ | अंग्रेजीबाट गरिने जुनसुकै प्रकारका सिफारिस | | ५०० |
| २३.१२ | निजी स्तरका विद्यालय तहवृद्धी | | ५००० |
| २३.१३ | सामुदायिक/सरकारी विद्यालयको तह वृद्धि सिफारिस | | २००० |
| २३.१४ | संचार टावर स्वीकृती सिफारिस | | १०००० |
| २३.१५ | योजना/छुट सिफारिस | | २०० |
| २३.१६ | अन्य सिफारिस | | २०० |

नोट : भुई तल्लासम्म सटर भएका भवनलाई आवासीय तथा व्यापारिक मानिने र सो भन्दा माथिल्लो तल्लामा सटर भएका भवनलाई व्यापारिक भवन मानिनेछ।

Scanned by CamScanner

अनुसूची–१२

दफा (१३) संग सम्बन्धित

पर्यटन शुल्क

| सि.नं | विवरण | इकाई | करको दर (रु) |
|---|---|---|---|
| १ | नेपाली नागरिक | प्रति व्यक्ति प्रति दिन | १० |
| २ | गैर नेपाली नागरिक | प्रति व्यक्ति प्रति दिन | १०० |
| ३ | गैर आवसीय नेपाली नागरिक | प्रति व्यक्ति प्रति दिन | ५० |

अनुसूची–१३

दफा ( १४) संग सम्बन्धित

ढुंगा, गिटी, बालुवा आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री तथा निकासी र सडक मर्मत संभार शुल्क

| सि.नं | विवरण | इकाई | करको दर (रु) |
|---|---|---|---|
| १ | सडक मर्मत संभार शुल्क | | |
| | ठूला ट्रक/टिपर | प्रति टिप | ३०० |
| | आइचर | प्रति टिप | २०० |
| | निशान | प्रति टिप | १५० |
| | ट्र्याक्टर | प्रति टिप | १०० |
| २ | ढुङ्गा गिटी बालुवा संकलन तथा विक्री शुल्क (संकलन शुल्क रु. ३ र विक्री शुल्क रु. ६) | प्रति घन फिट | ९ |
| ३ | पत्रे ढुङ्गा निकासी | प्रति वर्ग फिट | ६ |

अनुसूची–१४

दफा (१५) संग सम्बन्धित

जरिवाना

| सि.नं | विवरण | इकाई | करको दर (रु) |
|---|---|---|---|
| १ | नगरपालिका क्षेत्रभित्र तोकिएको स्थान बाहेक अन्यत्र जथाभावी फोहर गरेमा, राखेमा वा फालेमा र जथाभावी पार्किङ्ग गरेमा | | २०० देखि ५००० सम्म |
| २ | नगरपालिका क्षेत्रबाट अवैध रुपमा ढुंगा, गिटी, बालुवा, स्लेट, लगायतका पदार्थहरु उत्खनन् (स्काभेटर) | प्रति स्काभेटर | ७५००० |
| ३ | नगरपालिका क्षेत्रबाट अवैध रुपमा ढुंगा, गिटी, बालुवा, स्लेट, लगायतका पदार्थहरु उत्खनन् (ब्याकहो लोडर) | प्रति ब्याकहोलोडर | ५०००० |
| ४ | नगरपालिका क्षेत्रबाट अवैध रुपमा ढुंगा, गिटी, बालुवा, स्लेट, लगायतका पदार्थहरु चोरी निकासी गरेमा (टिपर) | प्रति टिपर | २०००० |
| ५ | नगरपालिका क्षेत्रबाट अवैध रुपमा ढुंगा, गिटी, बालुवा, स्लेट, लगायतका पदार्थहरु चोरी निकासी गरेमा (आइचर) | प्रति आइचर | १०००० |
| ६ | नगरपालिका क्षेत्रबाट अवैध रुपमा ढुंगा, गिटी, बालुवा, स्लेट, लगायतका पदार्थहरु चोरी निकासी गरेमा (अन्य साना साधन) | प्रति गाडी | ५००० |
| ७ | नगरपालिका क्षेत्रबाट अवैध रुपमा काठ, दाउरा तथा काठजन्य वस्तु कटान गरी निकासी गरेमा | प्रति गाडी | ३०००० |
| ८ | नगरपालिकाबाट ईजाजत नलिई भवन निर्माण गरेमा | प्रति वर्ग फिट | १२ |

२०७५/३/२८

Scanned by CamScanner